बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड २ संख्या ७ मिति २०७६ बैशाख ३,मंगलबार

भाग:२

जिविकोपार्जन सुधार रणनीति २०७५

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,
तिर्थराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**पृष्ठभूमी :**

पृष्ठभूमी आधारभुत मानविय आवश्यकता गाँस, बास र कपासको व्यवस्था राज्यको पहिलो जिम्मेवारी हो । मानव विकासको पहिलो खुड्किलाको रुपमा रहेको रोजिरोटीको व्यवस्था गर्नका लागि सरकार तथा सरोकारवाला निकाय/संस्थाबाट विभिन्न प्रयास भइरहेका छन् । बाजुरा जिल्ला मानव विकास सुचकांकको अन्तिम लहरमा रहेको र विगत देखि नै खाद्य संकट व्यहोर्नु पर्ने बाध्यता छ । आर्थिक अवस्थामा सुधार ल्याई समृद्ध बडीमालिका नगर निर्माण अभियानलाई सार्थक तुल्याउन जिविकोपार्जन सुधार योजना तय गरिएको हो । चारवटा नगरपालिका र पाँचवटा गाँउपालिका भएको बाजुरा जिल्लाको जिल्ला सदरमुकाम मार्तडी समेत रहेको बडिमालिका नगरपलिका अरु भन्दा सम्पन्न नगरपालिका मानिन्छ । कुल २७६ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको नगरपालिकामा जम्मा जनसंख्या १७२२७ रहेको छ । करिव ९० प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेका नगरवासीलाई वर्षभरी खान समेत धौ-धौ रहेको पाइन्छ । कृषि तथा पशु पालन पेशाका अलावा ज्याला मजदुरी, नोकरी, स-साना व्यापार व्यवसायबाट रोजिरोटी गरिरहेका छन् । उद्योग धन्दाको विकास नभएका कारण रोजगारीका अवसर प्रायः शुन्य नै रहेको छ । सरकारी र गैर सरकारी क्षेत्रमा न्यून मात्रले अवसर पाउने हुनाले जिविकोपार्जनका लागि भारत लगायतका अन्य मुलुकमा वैदेशिक रोजगारीमा जाने चलन पनि रहेको छ ।

परम्परागत उत्पादन शैली र जिवन निर्वाहमुखी खेति प्रणालीले गर्दा सामान्यतया १२ महिनासम्म खान पुग्ने घरपरिवार एकदम कम छन् । पम्परागत उत्पादन भन्दा बजारिया खानपानलाई प्राथामिकता दिइएकै कारण हाम्रो मा भोकमरी कि भातमरी भन्ने प्रश्न सिर्जना भएको छ । तमाम आलु, कोदो, कागुनु, रातो चामल आदीको मनग्य उत्पादन गर्न सक्ने पनि राता बोराका सेतो चामलका पछी लागेका कारण भातमरी भएको मान्नेहरु छन् । सडकको पहुँच भए पस्चात रोजगारीका विभिन्न स्रोतहरुको सिर्जना भएको छ । प्रस्तावित वी.पी जिवनस्तर सुधार परियोजनाले विभिन्न चरणमा आफ्ना कार्यक्रम संचालन गरी हाम्रो उत्पादन क्षमताको पहिचान, खानपान शैलीमा परिमार्जन र व्यवसायिकताको विकास गर्ने उद्देश्य राखेको छ ।

**योजनाको लक्ष्य :**

- कृषि तथा पशु पालनबाट उत्पादित वस्तुको उत्पादनको लागि पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गर्ने ।
- कृषि तथा पशु जन्य उत्पादनमा वृद्धी गरी कृषकको आय आर्जनमा वृद्धि गर्ने ।
- कृषि बालि तथा पशुपंक्षी सुरक्षाका लागी बिमा कार्यक्रम लागु गर्ने ।
- उच्च मूल्यका र तुल्नात्मक लाभ दिने वालीलाई प्राथमिक्ता दिने ।
- कृषक समुह र कृषि सहकारी संस्थालाई कार्यक्रम संचालन तथा प्रसारको माध्यम बनाउने ।
- कृषि प्रसार कार्यमा बहुपक्षिय संलग्नता एवं सहकार्य सुदृढ गर्ने ।
- उपभोक्तालाइ स्वच्छ मासु उपभोगका लागी प्रत्येक वडामा सुधारीएको मासु पसल स्थापना का लागी
- पाडा हुर्काउने कृषक लाई प्रोत्साहन भता तथा प्रमाण पत्र दिने ।
- प्रत्येक घर नजिक १० डाले घासको बोट लागाउन प्रोत्साहन दिने
- एक बडा एक व्यवसायमा जोड दिने ।

- मंत्रालयले तोकेको पशुपंक्षी औषधिहरु निशुल्क वितरण गर्ने ।
- उन्नत पशु पालन तथा पशु वधुवा प्रणलीलाई क्रमश प्रत्येक वडामा लागु गर्दे लैजाने ।
- कृषि वस्तुको उत्पादन लागत घटाउन कृषि आधुनिकीकरण तथा यान्त्रिकरण तर्फ जोड दिने
- कृषि वस्तु उत्पादनका लागि चाहिने आवश्यक वस्तुहरु मल, बीउ, यन्त्र उपकरण आदीको सहज आपूर्ति तथा प्रभावकारी अनुदानको व्यवस्था गर्ने ।
- कृषि वाली उत्पादनको जोखिमलाई न्यूनिकरण गर्न प्रभावकारी वाली विमाको कार्यान्वयन गर्ने,
- कृषि वस्तुको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने ।

**दिर्घकालिन उद्देश्य :**

✓ निर्वाहमुखी कृषि तथा पशु पालन प्रणलीलाई क्रमशः व्यवसायिक तथा प्रतिस्प्रर्धात्मक र वजार मुखि कृषि प्रणालीमा रुपान्तरण गर्ने ।

✓ नगरपालिका क्षेत्रका सबै घर परिवारमा सहज तरीकाले जिविकोपार्जन गर्न सक्ने वातावरण निर्माण गर्नु ।

**तत्कालिन उद्देश्य :**

✓ गरिवीको रेखामुनी रहेका घरपरिवारको जिवनस्तर उकास्ने ।

✓ अर्ग्यानिक उत्पादनलाई प्रवर्दन गर्दै स्थानीय उत्पादनलाई प्राथमिकता दिने ।

✓ खानपान शैलीमा परिमार्जन गर्ने ।

✓ कृषिलाई व्यवसायीक र आधुनिक मार्ग तर्फ डोऱ्याउने ।

✓ पशु जन्य उत्पादनको उपभोगमा जोड दिने ।

**रणनितिहरु : माथि उल्लेखित लक्ष्य उद्देश्य परिपुतिर्छ गर्न देहायका उपाय अपाइने छन् ।**

**तालिका नं. १. उपलब्धि मापनका सूचकहरु**

| उपलब्धि | सुचकहरु |
|---|---|
| मुख्य खाद्यान्न (धान, मकै र गहू) वालीको विजबृद्धि कार्यक्रम संचालनभई कृषकहरुको आर्थिक स्तरमा सुधार हुनेछ । | • बिजबृद्धि कार्यक्रममा संलग्न कृषक समूह संख्या, वाली लगाएको क्षेत्रफल (हे)<br>• कृषक समूह संख्या सलग्न कृषक संख्या (महिला/पुरुष)<br>• धान, मकै र गहूको प्रमाणित बिऊको उत्पादन (मे. टन )<br>• धान, मकै र गहूको प्रमाणित बिऊको बिक्रीवितरण उत्पादन (मे. टन )<br>• धान, मकै र गहूको प्रमाणित बिऊको उत्पादन (मे. टन प्रति हे.)<br>• बिऊ उत्पादनका लागि कृषक समुहको लगानी (रु)<br>• बिऊ उत्पादनका लागि नगरपालीकाको लगानी (रु)<br>• बिऊ उत्पादनका लागि जिल्ला कृषि विकास कार्यालयको लगानी |

| | |
|---|---|
| | (रु)<br>• बिऊ उत्पादनका लागि तालिम प्राप्त कृषक सख्या<br>• बिऊ प्रसोधन उपकरणको विवरण र संख्या<br>• बिऊ प्रसोधन र भण्डारण गर्ने घर संख्या<br>• सिंचाई सुविधा उपलब्ध गराएको जमिन (हे) |
| व्यवसायीक तरकारी खेतीको विस्तारभई युवा स्वरोजगरमा बृद्धि तथा कृषकको आर्थिक स्तरमा सुधार हुनेछ। | • व्यवसायीक तरकारी खेतीमा संलग्न कृषक समूह (महिला/पुरुष) संख्या<br>• मुख्य तरकारी बालीको नाम र तिनले ढाकेको क्षेत्रफल (हे)<br>• बेमौसमी तरकारी बाली लगाएको नाम र तिनले ढाकेको क्षेत्रफल (हे)<br>• मौसमी तरकारी बालीको उत्पादन (मे. टन)<br>• बेमौसमी वालीको उत्पादन (मे. टन)<br>• मौसमी तरकारी बालीको बिक्रि (मे. टन)<br>• बेमौसमी वालीको बिक्रि (मे. टन)<br>• मौसमी तरकारी बालीको बिक्रिबाट कृषकले प्राप्त गरेको (रु)<br>• बेमौसमी बालीको बिक्रिबाट कृषकले प्राप्त गरेको (रु)<br>• तरकारी बाली बिक्रि वितरण संलगन बिक्रेताको संख्या<br>• तरकारी बाली बिक्रि वितरण संकलन केन्द्र संख्या |
| उन्नत पशुपन्छी पालनका माध्यमबाट युवास्वरोजगार बृद्धी हुनेछ। | • गाई/भैसी पालन कृषक समुह संख्या (महिला/पुरुष)<br>• कृषक संख्या (महिला/पुरुष)<br>• गाई/भैसीको संख्या<br>• दूग्ध जन्यवस्तुको उत्पादन (मे. टन)<br>• गाई/भैसी बिमा गर्ने कृषक संख्या<br>• व्यवसायीक कुखुरा पालनमा संलग्न युवा कृषक संख्या<br>• उन्नत जातका कुखुरा पालन गरिएको संख्या<br>• कुखुराको मासु उत्पादन (मे. टन)<br>• बिक्रि गरिएको कुखुराको मासुको परिमाण (मे. टन)<br>• स्थानीय स्तरमा भेटेरिनरी सेवा दिने निजि पसल तथा प्राबिधिक संख्या<br>• बाखा पालन कृषक समुह संख्या<br>• बाखा पालन व्यबसायमा संलग्न कृषक संख्या<br>• बाखाको मासु उत्पादन (मे. टन)<br>• बाखा पालनबाट आम्दानी (रु) |
| कृषि सहकारीको माध्यमबाट कृषि उपजहरुको संकलन केन्द्रको स्थापना भई बिक्री वितरण हुनेछ। | • कृषि सहकारी संख्या<br>• कृषि सहकारीमा आवद्ध कृषक(महिला/पुरुष/दलित)संख्या<br>• कृषि उपज वेचबिखनमा संलग्न सहकारी संख्या<br>• कृषि उपज संकलन केन्द्र संख्या र त्यसको किसिम<br>• कृषि उपज बेच बिखनमा संलग्न कृषक ( |

CamScanner

| | |
|---|---|
| | महिला/पुरुष/दलित)संख्या<br>• तरकारी तथा फलफूल संकलन र बिक्रीवितरण<br>• दूध संकलन र वितरण<br>• बाँसमा आधारित उद्यम<br>• कोदाको चाउचाउ उत्पादन<br>• कृषि औजार उत्पादन र बिक्रि वितरण<br>• मसला उत्पादन<br>• वाइल्ड फिश तथा सुकुटी उत्पादन<br>• खनिजमा आधारित उद्योग संख्या<br>• मसला उद्योग संख्या र उत्पादन परिणाम (मे. टन) |
| वन पैदावारमा आधारित उद्योग तथा उद्यमशिलतामा बृद्धि गरि स्थानीयस्तरमा रोजगारी सिर्जना हुनेछ। | • फर्निचार उद्योगको संख्या<br>• जडीबुटी खेती लगाउने कृषक (महिला/पुरुष/दलित) संख्या<br>• खेती लगाएको जमिनको क्षेत्रफल (हे)<br>• जडीबुटी नर्सरी र उत्पादित बिरुवा संख्या<br>• खेती गरिएको जडीबुटी मुख्य प्रजातीहरू र तिनको संख्या<br>• जडीबुटी संकलनमा सलग्न कृषक(महिला/पुरुष/दलित) संख्या<br>• संकलित जडीबुटीको परिमाण (मे. टन)<br>• जडीबुटी संकलन केन्द्र संख्या<br>• बिक्रि गरिएको जडीबुटी परिमाण (मे. टन)<br>• जडीबुटी बिक्रीबाट आम्दानी (रु)<br>• अम्रिसो रोपण (हे) र कचो उत्पादन (मे. टन)<br>• हातेकागज उत्पादन उद्योग संख्या र उत्पादन (मे. टन)<br>• अल्लो प्रशोधन र उत्पादन (मे. टन) |
| स्थानीय स्तरमा गैर कृषि तथा सेवामूलक आयआर्जन सम्बन्धि जनशक्ति र उद्यमशिलता बिकासका साथै वित्तीय पहुच वृदि भई स्थानिय स्तरमा स्वरोजगार बृद्धि हुनेछ। | • फास्टफूड रेस्टुरेण्टको संख्या<br>• ब्युटिपार्लर/शैलुनको तालिम प्राप्त युवायुवति र पसल संख्या<br>• मोबाइल मर्मत तालिम प्राप्त युवायुवति र पसल संख्या<br>• चिया तथा कफिसप राख्ने (महिला/पुरुष) को संख्या<br>• फ्रेश हाउस तथा अन्डा वितरण<br>• स्टेशनरी, प्रिन्टिंग तथा फोटोकपी सेवा<br>• साना होटेल तथा लज<br>• जुत्ता मर्मत तथा पोलिश<br>• कपडा सिलाई तथा टेलरिंग तालिम प्राप्त महिलाको संख्या र पसल संख्या<br>• खुद्रा पसल<br>• मोटर साइकल मर्मत तथा सर्बिसिङ<br>• गाडीको पन्चर तथा हावा भर्ने सेवा<br>• कृषि तथा भेटेरिनेरी औषधी पसल<br>• नगरपालिकाबाट शिप विकास तालिम (कपडा सिलाई, मोबाइल |

| | |
|---|---|
| | मर्मत, पशुपालन, विऊविजन उत्पादन, कुखुरापालन, हाते कागज, मौरी पालन, पशु स्वस्थ्य सेवा आदि) उपलब्ध गराएको महिला/पुरुषको संख्या |
| सुशासनको सिद्धान्तलाई आयआर्जनका क्षेत्रमा अवलम्वन गरी लैंगिक समावेशी तथा समतामुलक अवधारणाको माध्यमबाट समुदायको आर्थिक विकासमा पहुँच वृद्धि हुनेछ। | • नगरपालिकाको आयआर्जनमा लैगिंक तथा समावेसी बजेट लगानी (रु)<br>• नगरपालिकामा साना उधम विकास इकाई स्थापना र कर्मचारी संख्या<br>• नगरपालिकाले साना उद्योगको सम्भावना अध्ययन संख्या<br>• नगरपालिकाले साना उद्योग प्रबर्धन लागि संचालन गरेको उद्योग महोत्सव संख्या<br>• नगरपालिकाको पहलमा वित्तीय सस्था स्थापना र तिनको नाम र संख्या |

**तालिका-२ बिषयगत क्षेत्र र कार्यक्रम क्षेत्रहरू**

| बिषयगत क्षेत्र | कार्यक्रम क्षेत्र |
|---|---|
| व्यावसायिक कृषि | • खाद्यान्न वालिको विऊ उत्पादन<br>• तरकारी खेती<br>• फलफूल खेती<br>• मसलाजन्य वाली उत्पादन, संकलन र मसला उत्पादन<br>• माछा पालन<br>• तरकारी संकलन र विक्रीवितरण<br>• अचार उत्पादन र विक्रि वितरण<br>• एग्रो-भेट पसल<br>• साना सिंचाई, प्लास्टिक पोखरी, लिफ्ट सिंचाई र कुलो मर्मत |
| पशुपन्छी पालन | • उन्नत जातका गाई भैसी पालन<br>• बाखा पालन<br>• कुखरा पालन<br>• दुग्ध जन्य पदार्थ संकलन र बिक्रीवितरण<br>• कुखुराको मासु तथा अन्डा संकलन र बिक्रीवितरण<br>• पशुपन्छीको औषधि तथा दाना बिक्रीवितरण |
| बन जन्य वस्तुमा आधारित उद्यम | • फर्निचर उद्योग<br>• जडिबुटी खेती तथा संकलन र बिक्रीवितरण<br>• अम्रिसो खेती र कुचो निर्माण<br>• सिस्नोको धुलो तथा हाते कागज उत्पादन |
| पर्या-पर्यटन | • फास्टफूड रेस्टुरेण्ट<br>• चिया तथा कफि पसल<br>• साना होटेल तथा लज<br>• ऐतिहासिक तथा धार्मिक स्थल |

| | |
|---|---|
| | • पार्क निर्माण तथा मनोरंजन<br>• कृषि, स्थानीय संस्कृति र पर्यटन प्रवर्धन महोत्सव |
| सेवा मूखी उद्यम | • सैलुन तथा ब्युटिपार्लर<br>• मोवाइल, घडी ,रेडियो र कम्प्युटर मर्मत<br>• स्टेसनरी, प्रिन्टिंग तथा फोटोकपी सेवा<br>• कपडा सिलाई तथा टेलरिंग<br>• मोटर साइकल मर्मत, गाडीको पन्चर टाल्ने तथा हावा भर्ने सेवा<br>• जुत्ता सिलाउने, मर्मत तथा पोलिश सेवा<br>• खुद्रा पसल<br>• स्वटर (होजियारी) उत्पादन |
| निर्माण सम्बन्धि व्यवसाय | • डकर्मी, सिकर्मी, रंगरोगन, प्लम्बर, हाउस वायरिंग<br>• सेनेटरी वस्तुको बिक्रि वितरण<br>• खनिजमा आधारित उद्योग )ढुंगा, गीटि, बालुवा संकलन, प्रशोधन) र बिक्रीवितरण |

**तालिका ३: कृषि क्षेत्रगत कृयाकलापहरुको वर्तमान अवस्या सबल पक्ष र अवसरहरु**

| कृयाकलापहरु | वर्तमान अवस्था | सबल पक्ष | अवसरहरु |
|---|---|---|---|
| खाद्यान्न बालीको बीऊ उत्पादन | खाध्यान्न अभाव , बिउ वाह्य जिल्लाबाट ल्याउनु पर्ने | • नदीकिनार क्षेत्रमा सिचाई सुविधा युक्त जमिन भएको<br>• सिंचाईका लागि बर्जुगाड र बुढीगंगा नदि यसै नगरपालिका भई बगेको<br>• कृषि सहकारी मार्फत जिल्ला कृषि कार्यालयको सहयोगमा धान, गहू र मकैको बीऊ उत्पादनको थालनी भएको<br>• कृषक समुह र बीऊ उत्पादन क्षेत्रमा तालिम प्राप्त कृषक भएको<br>• बाह्रै महिना यातायातको सुविधा भएको | • नेपाल सरकारबाट कृषि तथा बीऊ उत्पादनमा उच्च प्राथमिकता, बिउ प्रशोधन उपकरण र हाते ट्रेक्टर पयोगको सम्भावना<br>• बजारको सुबिधा<br>• युवाजनशक्ति परिचालन गर्न सकिने |
| व्यवसायीक तरकारी खेती | स्थानीय उत्पादनले माग पुरा गर्न नसकेको, | • मौसमी तथा बेमौसमी तरकारी खेतिका लागि उपुक्त हावापानी भएको<br>• बजारको माग बढी र | • सरकारी नीतिले सहयोग गर्ने<br>• बजारमा पहुच<br>• सडकबाट धनगढी तथा |

| | | | |
|---|---|---|---|
| | बेमौसमी तरकारी खेती लगाउने चलन नभएको | आपूर्तिमा कमि<br>• सिंचाइको सुविधायूक्त जमिन भएको र सिंचाईका लागि पानीको श्रोत भएको<br>• निजि स्तरबाट एग्रोभेटले बिउ बिजन उपलब्ध गर्न सक्ने अवस्था<br>• सडक सुविधा<br>• तरकारी तथा फलफूल संकलन केन्द्रको स्थापना | नेपालगंजसम्म वजार सम्पर्क गर्न सकिने<br>• छोटो समयमा वजारमा ल्याउन सकिने<br>• टनेल तथा स्प्रिंगकलर इरिगेसन र लिफ्ट इरिगेसन गर्न सकिने सम्भावना भएको<br>• तरकारी सुकाउने सोलार, ड्रायरको पयोग गर्न सकिने |
| फलफुल खेती | फलफूलको अभाव, फलफूल तराईबाट आपूर्ति भएकोफलफूलको नर्सरी नभएको | • फलफुल खेतीका लागि सुहाउदो हावापानी भएको<br>• फलफुल संकलन केन्द्र स्थापना भएको<br>• उच्च भागमा ओखर, सुन्तला तथा नदीकिनार क्षेत्रमा आँप, केरा खेती हुदै गरेको<br>• फलफुलको माग बढ्दै गएको र बाहिरबाट फलफुलल्याइ बिक्री वितरण गर्दै आएको | • सुन्तला पकेट क्षेत्रको रुपमा विकास हुनसक्ने<br>• व्यवसायीक रुपमा रुपमा दातेओखर खेती हुन सक्ने<br>• नदी किनार क्षेत्रमा आँप, केरा जस्ता खेतीको लागि सुहाउदो हावापानी<br>• वाटोको सुविधा<br>• वजार क्षेत्र वढ्दै गएको |
| माछा र मौरी पालन | व्यवसायिक खेती नभएको, स्थानीय नदीका माछाको दिगो व्यवस्थापन हुन नसकेका मुढेघारको प्रयोग, उत्पादनमा कमी | • सानो ठाउमा खेती गर्न सकिने परम्परागत रुपमा कृषकहरुले खेती गर्दै आएको र व्यवसायीक रुपमा पनि कृषकले सुरु गरेको<br>• खोलानालाबाट पनि माछा संकलन व्यबस्थित रुपबाट गर्न सकिने<br>• स्थानीय मुढेघारमा मौरी पालन गरिदै आएकोल त्यसलाई उन्नत घरबाट व्यवसायीकरण गर्न सकिने<br>• महको माग बढ्दै गएको | • चिसो पानीको असल जात को माछाको मूल्य बढी पाईने<br>• मौरीको चरणका लागि जंगल र बारिमा फलफूलका रुखहरु भएको<br>• सुधारिएको मौरी घर र मौरी गोला उपलब्ध हुन सक्ने अवस्था<br>• बजारको सुबिधा भएको |
| दलहन बाली (सिमि) तथा गेडागुडी उत्पादन | व्यवसायिक तवरबाट खेती नगरिएको, कम | • स्थानिय स्तरमा बीऊ उपलब्ध हुने<br>• हावापानी/मौसम | • पाखोबारीमा लगाउन सकिने<br>• वजारमा माग बढी |

| | | | |
|---|---|---|---|
| | उत्पादन | अनुसारको खेती गर्न सकिने<br>• स्थानीय समुदायको नगद आम्दानीको श्रोत | भएको<br>• बारी मलिलो बनाउने |
| कृषि उपजकेन्द्र स्थापना र व्यवस्थापन | बृहत र व्यबस्थित कृषि उपज केन्द्र स्थापना र संचालन नभएको | • बाटोको सुबिधा<br>• फलफुल तथा तरकारी बालीको उत्पादन | • सरकारी नीतिले सहयोग पुऱ्याउने, निजीक्षेत्रको सहभागिता हुनसक्ने<br>• कृषी उपजले बजार पाउने |
| कृषि सम्वन्धि तालिम ( बिउ उत्पादन, तरकारी खेती, माछा पालन, मौरी पालन आदी | स्थानीय स्तरमा प्राबिधिक नहुनु | • स्थानिय स्तरमा युवा जनशक्ति उपलब्ध<br>• बिदेश पलायन हुने युवा जनशक्ति स्थानीय स्तरमा लाग्ने | • स्थानिय युवाले स्वरोजगारको अवसर प्राप्त गर्ने<br>• कृषीको ब्यवसाकिरण हुने |
| कृषि बिमा | बिमा कम्पनीबाट क्षेती भएको वराबर बिमीत रकम सजिलै पाउने | • सुरक्षा प्राप्त हुने<br>• ब्यवसायलाई निरन्तरता दिन सकिने | • कृषकहरुले आफुले गरेको कामलाई लगातार गर्न सक्ने<br>• जोखिम न्यून हुने |

### २.६.५ कृषि क्षेत्रगत कियाकलापहरु तथा अनुमानित लागत

| कियाकलाप | आवस्यक सामग्री र कार्यहरुको प्राथमिकरण | लक्ष्य | | अनुमानित लागत रु हजारमा | बर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सख्या | ईकाई | | १ | २ | ३ | ४ | ५ |
| खाद्यान्न (धान र गहुँ) बाली तथा बीउ उत्पादन (जडाङ्गा, वडा न. ६, ८, र २ (३२ हे. परियोजना अवधिमा) (पहिलो) | धान र गहुंको एफ-१ र प्रमाणित बिउ (पी.१), कुलो मर्मत सम्भार (पी.२), उमर शक्ति मापन उपकरण (पी. ३ ), बिउ प्रशोधन उपकरण ( पी.३), हाते ट्राक्टर (पी.४) खेतीको बिमा (पी. ३), रोगनाशक तथा किटनाशक बिषादी (पी.१), कृषक लाइ बिउ उत्पादन र प्रशोधन तालिम ( पी.१) | १० | मे.टन | ८००० | ४ | २ | २ | १ | १ |
| व्यबसायीक तरकारी खेती (वडा न. २ र ३ (३५ हे. परियोजना अवधि ) (दोस्रो) | उन्नत जातको (काउली बन्दा, मुला, गाजर, प्याज, लसुन, आलु (हिउदे) भेडे खुर्सानी, मसला जन्य बलि, जुकुनी, घिउ सिमि, लौका, काँक्रा बोडी, आदि (बेर्शे) बिउ (पी.१). नर्सरी (पी. १), वेमौसमी तरकारी खेति प्लास्टिक टनेल निर्माण (पी.१ ), स्प्रिङकलर सिचाई ( पी.२ ) कृषकलाई आइ. पी. एम. तालिम ( पी.१), बजार सम्पर्क (पी. २ ), बिमा (पी.४ ), वित्तीय संस्थामा पहुच (पी.३), कृषि उपज संकलन केन्द्र (पी ४ ) | १०० | मे.टन | ७५०० | २० | २० | २० | २० | २० |
| फलफूल खेती (२० ) बिरुवा योजना अवधि, वडा न.१,२, ४ र ७ ) (तेश्रो) | फलफूल कृषकलाइ तालिम (पी.१ ) ओखर, सुन्तला, आँप, नासपातीको बिरुवा खरिद र ढुवानी (पी.१), बिरुवाको हाँगा बिग काटछाट गर्ने औजार (पी.२) | २०० | घरधुरी | ६०० | ४० | ६० | ६० | २० | २० |
| मौरी पालन (५० गोला सहित मौरी घार) वडा | मौरी पालन कृषकलाइ तालिम (पी.१ ) मौरी तथा मौरी गोला वितरण (पी. १), हनी | ५ | समूह | २०० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| न. १, ३, ५,६ र ७ ( १०० घार र मौरी गोला) (चौथो) | एट्रकसन उपकरण (पि.२) | | | | | | | | |
| दलहन बाली (सिमी, भटमास तथा गेडागुडी) उत्पादन ( १० मे. टन) वडा न. १,४,५, ६ र ७ (पाचौ) | बिउ खरिद र वितरण (पी.१), कृषक तालिम ( पी.२), बजार सम्पर्क (पी.३) | १०० | जना | ६०० | २० | २० | २० | २० | २० |
| खानपान सुधार कार्यक्रम ( आलु चिप्स, आलुको हलुवा, कोदाको पाउरोटी आदी | | | | | | | | | |

४८

**पशुमा आधारित आर्य आर्जन सम्बन्धी :**

नगरपालिका स्तरीय गोष्ठीबाट पहिचान गरिएकावर्तमान अवस्था,सबल पक्ष र अवसरहरु तलतालिकामा प्रस्तुत गरिएको छ ।

| क्रियाकलापहरु | वर्तमान अवस्था | सबल पक्ष | अवसर |
|---|---|---|---|
| गाई/भैंसी पालन | स्थानीय जातका कम उत्पादन दिने पशुपालन हुँदै आएको | • घाँस र परालको उपलब्धता<br>• बढ्दो बजार क्षेत्र (होटेल, चिया पसल र फास्टफूड रेस्टुरेन्टहरु)<br>• वन जंगल प्रसश्त हुन<br>• दूग्ध जन्य पदार्थ र कुखुराको मासुको माग बढ्दो अवस्था<br>• एग्रोभेट पसलहरुको स्थापना | • पशुपालनमा सरकारी निती कृषक अनुकूल हुनु<br>• सडक सुविधा<br>• उन्नत गाई ,भैसी, बाख्रा पालन र कुखुरा पालनमा युवा वर्गको बढ्दो चाहना<br>• वित्तीय क्षेत्रको पशुपन्छी पालनमा लगानी |
| दूध संकलन, चिस्यान र बिक्रि वितरण | नभएको पौदावर दूधको प्रयोग | • दूध उत्पादन बढ्ने<br>• बाटोको सुविधा | • चिया, होटल व्यवसाय बढ्दै गएका<br>• सरकारी नीतिले सहयोग गर्ने |
| बाख्रा पालन | स्थानीय जातका कम उत्पादन दिने बाख्रा पालन हुँदै आएको | • कृषकमा बाख्रा पालनको अनुभव भएको<br>• चरण र डालेघाँस पाईनु | • पशुपालनमा सरकारी निती कृषक अनुकूल हुनु<br>• बजारमा मासुको माग बढ्नु |
| कुखुरा पालन | उन्नत जातका व्यवसायीक कुखुरापालन नभएको र कुखुराको मासु तराई वाट आपुर्ति हुँदै आएको | • सेती लोकमार्ग रोडकोरीडोरमा व्यवसायिक कुखुरा फारम संचालनमा ल्याउन सकिने | • वित्तीय क्षेत्रको पशुपन्छी पालनमा लगानी<br>• बढ्दो बजार क्षेत्र<br>• स्थानीय उत्पादनले बजार माग पुरा गर्न नसकेको अवस्था |
| वार्षिक तथा बहुबार्षिक घाँस तथा डालेघाँस लगाउने | व्यवसायीक घाँस लगाउने चलन छैन, पशु आहारको कमी | • स्थानीय कृषकले डालेघाँस लगाउदै आएको<br>• डालेघाँस लगाउन उपयूक्त कान्लाहरु भएको | • घाँस खेति गर्नका लागि उपयूक्त हावापानी भएको<br>• घाँसबाट पशुजन्य उत्पादनको लागत मूल्य कम हुनजाने |
| पशु प्राविधिक तालिम | पशु प्राविधिकको अभाव | • समुदाय स्तरमा पशुस्वास्थ्य कार्यकर्ताको तालिम लिई सेवा | • यूवा स्वरोजगारको सम्भावनामा बृद्धि |

CS CamScanner

| | | | |
|---|---|---|---|
| | | दिन इच्छुक युवाहरु हुनु | • नगरस्तरमा एग्रोभेट संचालन गरि स्वरोजगार व्यबसाय संचालन हुने<br>• स्थानीय स्तरमा पशुपंक्षी पालक कृषकले सेवा पाउने |
| फ्रेश हाउस, अण्डा संकलन र बिक्रि बितरण | आधुनिक उपकरण प्रयोग गरि व्यबसाय संचालन गरिएको छैन तराई बाट कुखुरा र अण्डा ल्याई बिक्रि हुने गरेको | • व्यवसायीक कुखुरापालन बाट मासु र अण्डा उत्पादन हुन<br>• माग बढी भयको | • बाटोको सुबिधा<br>• बजारमा माग बढी भएको<br>• सरकारी नीतिले सहयोग पुऱ्याउने |
| गाई, भैसी, भेडा बाखा कुखुरा पालन तालिम | कृषकमा प्राबिधिक ज्ञानको कमि | • स्थानीय स्तरमा पशुपालन कार्य भै रहेको<br>• स्थानीय बजारमा माग बढ्दै जानु | • साना किसानहरुलाई सहभागी गराउन सकिने<br>• सरकारी नितिले समेट्ने<br>• बित्तीय संस्थाले लगानी गर्ने |
| पशुधन बिमा | बिमा कम्पनीबाट क्षेती भएको बराबर बिमीत रकम सजिलै पाउने | • पशुपालन हुदै आएको<br>• पशुपालक कृषक बिमा गर्न इच्छुक | • कृषकहरुको मनोबल बढ्ने<br>• सरकारी नितिको अवलम्वन<br>• जोखिम न्यून हुने |

## २.७.५ पशुपालन क्षेत्रगत क्रियाकलापहरु तथा अनुमानित लागत

तल तालिकामा दिईएको क्रियाकलापहरु व्यवसायीकारण र स्थानीय समुदायको आवस्यकतालाई ध्यानमा राखि प्राथमिकता तोकिएको छ । प्राथमिकताको निर्धारण क्रममाक्रियाकलापलाई पहिलो, दोश्रो, तेश्रो ..... उल्लेख गरिए छ भने ती क्रियाकलाप कार्यन्वयन गर्दा आवश्यक पर्ने सामग्रीहरुलाई पी.१ ले पहिलो, पी २ ले दोस्रो र पी. ३ ले तेस्रो .... क्रमश प्राथमिकता क्रम जनाउछ ।

| क्रियाकलाप | आवस्यक सामग्री र कार्यहरुको प्राथमिकरण | लक्ष्य | | अनुमानित लागत रु हजारमा | बर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | ईकाई | | १ | २ | ३ | ४ | ५ |
| व्यवसायीक गाई/भैसी पालन (वाड न. ३, ७, ८ र ९ (पहिलो), | गाईको कृतिम गर्भाधान (पी.१), रागा, गाई र साढे वितरण (पी.१), गोठा सुधार (पी.२), पशु कार्यकर्तार कृषक तालिम र भेटनरी पसल संचालन (पी.२ ), दुग्ध संकलन तथा चिसन केन्द्र संचालन (पि.३) र पशुधन बिमा (पी.४) | १०० | जना | ८५०० | २० | २० | २० | २० | २० |
| बाखा/भेंडा पालन ( वाड न. १, ३, ५, ६ र ७ ) (दोश्रो) | उन्नत जातको बोका र थुमा वितरण (पी.१), खोर स'धार (पी.२), बाखा तथा भेडा पालन तालिम (पी.३ ), (पी पशुधन बिमा (पी. ४) | १०० | जना | ९५०० | २० | २० | २० | २० | २० |
| व्यवसायीक कुखुरा पालन (ब्रोएलर ), रिला, भौनेरा, चौराटीखेत र मार्तडी वडा नं २,४ ७, ८ र ९ (२० हजार चल्ला, योजना अबधिभर) ( तेश्रो) | कृषक छनौट र तालिम (पी.१ ), व्यवसायिक योजना निर्माण (पी.१), वित्तीय संस्थासंग समन्वय (पी.१), खोर निर्माण र व्यवस्थापन ( पी.१), चल्लाको व्यवस्था र दुवानी (पी.१) उत्पादन र वितरण (पी.१), फ्रेश हाउस संचालन (पी.२), दाना र औषधि पसल (पी २) | १५० | जना | २०००० | ३० | ३० | ३० | ३० | ३० |
| बार्षिक, वहु बर्षिय घास तथा डाले घास लगाउने (१० हे.), सबै वडामा (१०) | कृषक समूहलाई घाँस तथा डालेघासको बिऊ र बिरुवा वितरण (पी.१) | १०० | जना | ७५०० | २० | २० | २० | २० | २० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| (चौथो) | | | | | | | | | |

बडीमालिका नगरपालिका बाजुरा

### २.८ वनमा आधारित आय आर्जन योजना

बडीमालिका नगरपालिकामा अबस्थित बनक्षेत्रगत कियाकलापहरुको वर्तमान अवस्था, सबल पक्ष र अवसरहरुतलको तालिकामा प्रस्तुत गरिएको छ।

| कियाकलापहरु | वर्तमान अवस्था | सवल पक्ष | अवसर |
|---|---|---|---|
| फर्निचर उत्पादन ( प्लाई उड) | फर्निचर कारखाना नभएको, तर फर्निचरको माग बढी | • सबै वडाहरुमा सल्लोको जंगल पाइनु र नदिखोच क्षेत्रमा सालको जंगल भएको<br>• सामुदायिक र कबुलियती वन उपभोक्ता समिति र समुहहरु गठन भएको | • काठ फर्निचर, चौकस आदिको माग बढ्दै गएको<br>• सडक सुविधा भएकोले बजार क्षेत्रमा नया घर निर्माण बढ्दै जानाले काठ कत्थाको माग बढ्दै गएको |
| जडीबुटी संकलन केन्द्र | अव्यवस्थित, बजारको माग पुरा गर्न कठिन | • ओखर, टिमुर, वोझो, जैतुन र सिस्नो पाइने<br>• निजि र समुदायीक बनमा जडिबुटी खेती गर्न सकिने<br>• जडिबुटीको संकलन र बेचबिखन हुदै गरेको | • उच्चा पहाडी तथा हिमाली क्षेत्रको जडिबुटीको माग बढ्दै गएको<br>• सडक सुविधा भएको<br>• स्थानिय र बाह्य क्षेत्रमा जडिबुटीको मागमा बृद्धि भै रहेको |
| जैतुन, सिस्ना, टिमुर र लोक्ता/केराको थाम प्रशोधन | प्रशोधन कारखाना नभएको, तर माग बढी | • स्थानिय स्तरमा जैतुन, सिस्नो र लोक्ता/केराको थाम उपलब्ध हुने। | • गैरकाष्ठ बन पैदावार उत्पादन र प्रसोधन् गर्न सरकारी नीति नियमले प्रोत्साहन गरेको<br>• सडक सुविधाले बजारमा पहुँच र बजारको माग बढेको |
| खोटो संकलन | प्रशस्त कल्लाको रुख भएको | • सबै वडाहरुमा सल्लोको जंगल हुनु<br>• बाटोको सुबिधा र सामुदायिक वन उपभोक्तालाई परिचालन गर्न सकिने | • सडक सुविधा भएको<br>• आयआर्जनको माध्यम |
| सालको टपरी उद्योग | बजामा प्रसस्त माग भएको | • नदिखोच क्षेत्रमा सालको जंगल भएको<br>• स्थानीय महिलाहरुमा टपरीका लागि लाफा बनाउने सिप हुनु | • सडक सुविधा भएको<br>• महिलाहरुका लागि आयआर्जनको श्रोत |

CamScanner

### २.८.५ वन क्षेत्रगतक्रियाकलापहरु तथा अनुमानित लागत

तल तालिकामा दिईएको क्रियाकलापहरु व्यवसायीकारण र स्थानीय समुदायको आबस्यकतालाई ध्यानमा राखि प्राथमिकता तोकिएको छ । प्राथमिकताको निर्धारण क्रममाक्रियाकलापलाई पहिलो, दोश्रो, तेश्रो ..... उल्लेख गरिए छ भने ती क्रियाकलाप कार्यन्वयन गर्दा आवश्यक पर्ने सामग्रीहरुलाई पी.१ ले पहिलो, पी २ ले दोस्रो र पी. ३ ले तेस्रो .... क्रमश प्राथमिकता क्रम जनाउछ ।

| क्रियाकलाप | आबस्यक सामग्री र कार्यहरुको प्राथमिकरण | लक्ष्य | | अनुमानित लागत रु हजारमा | बर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | ईकाई | | १ | २ | ३ | ४ | ५ |
| जडिबुटी संकलन केन्द्र संचालन र बन नर्सरी संचालन, (ढम्कने) र जडाङ्गा (पहिलो) | जडिबुटी संकलन सम्बन्धि कृषक लाई तालिम (पी. १), केन्द्र स्थापना र संचालन (पी.१ ), बजारको पहुच स्थापना (पी. २ ), बन नर्सरी संचालन र बिरुवा वितरण (पि.३) | २० | समूह | १५०० | ४ | ४ | ४ | ४ | ४ |
| जैतुन, सिस्नो र लोक्ता र केरा थाम, प्रोसोधन अम्लिसोको कुचो बनाउने (मार्तडी) ( दोश्रो) | ब्यवसाय छनौट (पी.१), प्रशोधन तालिम ( पी.१ ) व्यवसायीक योजना तयारी र वित्तीय संस्था संग समन्वय (पी.१), स्थापना र संचालन (पी १) र बजार सम्पर्क (पि.२), अबलोकन भ्रमण (पि.२) | २० | समुह | ११५००० | ४ | ४ | ४ | ४ | ४ |
| फर्निचर उत्पादन ( मार्तडी बजार (तेश्रो) | उद्यमी छनौट (पी.१ ), व्यसायिक योजना निर्माण (पी.१), वित्तीय संस्था संग समन्वय ( पी.१ ), कारखाना स्थापना र संचालन (पी.१) | १० | जना | २०० | २ | २ | २ | २ | २ |

## २.९गैह्र कृषिमा आधारित आयआर्जन योजना

स्थानीय स्तरमा गरिएको छलफल र प्राप्त सुचना तथा तथ्यांकको आधारमा यस नगरपालिकामा निम्न पर्यटन बिकासका पुर्वधार बिकासबाट पर्यटन विकासबाट स्वरोजगार सिर्जनाका साथै महिला र पुरुष आर्थिक क्रियाकलापहरुमा संलग्न हुने छन् ।

| कृयाकलापहरु | वर्तमान अवस्था | सवल पक्ष | अवसरहरु |
|---|---|---|---|
| जुगाडा, कुणी र सेरीमा रहेको दरबार संरक्षण | उत्खनन र संरक्षण नभएको | • दरबार भग्नावसेस सरक्षण,पुरानो गोरेटोलाई ट्रेकिंग रुटका रुपमा विकास गर्न सकिने | • सरकारको पर्यटन विकास नीति सकारात्मक<br>• स्थानीय स्तरका श्रोतको परिचालन |
| नगरपालिकामा पर्यटन विकास समिति गठन, कार्यविधिको निर्माण | गठन नभए को | • स्थानीय सरकार हुनु<br>• कार्यक्रम संचालनमा सहज हुने | • स्थानीय तहले पर्यटन विकासमा निजि क्षेत्रसंग सहकार्य गर्न सक्ने नीति |
| पर्यटकिय स्थलहरुको बिशेषता सहितको प्रचार प्रशार | नभएको | • फिशिंग स्पट निर्माण, स्थानीय सस्कृति, भेषभुसा, नाचगान, शिव मन्दिर, मेला तथा महोत्सब आदिको सम्भावना | • प्राकृतिक तथा धार्मिक, सास्कृतिक सम्पदा हुनु<br>• सरकारी नितिले सहयोग पुऱ्याउनु |
| पर्यटकहरुको बसोबासको लागि होमस्टेको व्यवस्था र सुरक्षा | पहिचान र व्यवसायीकरण भएको छैन | • स्थानीय स्तरमा पाहुनाको बसाइलाई सहज रुपमा लिनु<br>• पर्यटकहरुको आगमनमा वृद्धि भैरहेको | • स्थानीय स्तरमा आयआर्जन हुनु<br>• सामुदायिक विकासका कार्यहरुको अवसर प्राप्त हुनु |
| स्थानीय स्तरमा रहेका सास्कृतिक कार्यक्रमहरुको व्यवसायीकरण | पहिचान र व्यवसायीकरण भएको छैन | • स्थानीय स्तरमा विगतदेखी नै संचालनमा रेहेको<br>• पर्यटकहरुको आगमनमा बृद्धि भैरहेको<br>• मौलीक र धार्मिक रितिरिवाज, संस्कृति हुनु | • स्थानीय स्तरमा आयआर्जन हुनु<br>• यूवा वर्गको सहभागितामा बृद्धि<br>• धार्मिक र सांस्कृतिक कार्यहरुको संरक्षण र ब्यवसायिकरण हुन |
| पार्क, पैदल, घोडचडी, फिशिंग स्पटको निर्माण | विकसित गरिएको छैन | • बाह्य रितिरिवाजहरुलाइ पनि प्रोत्साहन<br>• समुदायका व्यक्तिहरु | • अवस्था अनुकुल बाह्य तथा आन्तरिक पर्यटकहरुको आर्कषणमा बृद्धि |

| | | | |
|---|---|---|---|
| | | आधुनिकता तिर लाग्नु | |
| होटल व्यवस्थापन, कुक, टुरिस्ट गाइड तालिम | तालिम प्राप्त छैनन् | • युवा पिढीमा दक्ष जनशक्तिको उत्पादन | • स्थानीय स्तरमा नै आयआर्जनको सम्भावना |
| धार्मिक सांस्कृतिक, कृषि पर्यटन प्रवर्धन मेला तथा महोत्सव आयोजना | मेला र महोत्सव गरेको छैन | • मौलीक र धार्मिक रितिरिवाज, संस्कृति हुनु | • हाटबजारको बिकास भै स्थानीय सामग्रीहरुको बजार बढ्नु |

CamScanner

### २.९.१.५ पर्यटन क्षेत्रगत क्रियाकलापहरु तथा अनुमानित लागत

तल तालिकामा दिईएको क्रियाकलापहरु व्यवसायीकारण र स्थानीय समुदायको आवस्यकतालाई ध्यानमा राखि प्राथमिकता तोकिएको छ । प्राथमिकताको निर्धारण क्रममाक्रियाकलापलाई पहिलो, दोश्रो, तेश्रो ..... उल्लेख गरिए छ भने ती क्रियाकलाप कार्यन्वयन गर्दा आबश्यक पर्ने सामग्रीहरुलाई पी.१ ले पहिलो, पी २ ले दोस्रो र पी. ३ ले तेस्रो .... क्रमश प्राथमिकता क्रम जनाउछ ।

| क्रियाकलाप | आबस्यक सामग्री र कार्यहरुको प्राथमिकरण | लक्ष्य | | अनुमानित लागत रु हजारमा | बर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | ईकाई | | १ | २ | ३ | ४ | ५ |
| दरबार र शिवालय मन्दिर संरक्षण (पहिलो) | नगर पालीकामा पर्यटन विकास समिति गठन (पि.१) कार्यविधि निर्माण (पि.१) दरबार र मन्दिर सरक्षण (पी.२ ) पर्यटन क्षेत्र र सबलीकरण क्रियाकलाप संचालन (पी.३) | ५०० | जना | ८००० | १०० | २०० | २०० | | |
| धार्मिक सास्कृतिक, कृषीपर्यटन प्रबर्द्धन मेला तथा महोत्सव आयोजन (दोश्रों) | मेला र महोत्सव तयारी र संचालन (पी १) | २५००० | जना | १००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| स्थानीय स्तरमा रहेका सास्कृतिक कार्यक्रमहरुको व्यवसायीकरण (तेश्रो) | व्यवसायीक गर्न सकिने सास्कृति, रितिरिवाज, कला, संगीत आदिको पहिचान र उत्पादन तथा बजरिकरण ( पि.१) | १००० | जना | ५००० | २०० | २०० | २०० | २०० | २०० |
| पर्यटकहरुको बसोवासको लागि होमस्टेको व्यवस्था र सुरक्षा ताप्रिसेरा (चौथो) | होम स्टे समुदाय छनौट ( पि.१), तालिम संचालन (पि.१), होम स्टे संचालन (पी.२ ) | १००० | जना | ५००० | २०० | २०० | २०० | २०० | २०० |
| पर्यटकिय स्थलहरुको विशेषता सहितको प्रचार | प्रचार प्रसार सामग्री निर्माण ( पि.१), | १००० | जना | ५००० | २०० | २०० | २०० | २०० | २०० |

CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रशार (पाचौं) | | | | | | | | | |
| पार्क, पैदल, घोडचडी, फिशिंग स्पटको निर्माण (पाचौं) | स्थानको पहिचान पार्क (पि.१), पैदल (पी.२) , घोडचडी (पी.३), फिशिंग स्पटका (पी.४), नक्शा सहित अनुमानित लगात् तयारी, समिति गठन र निर्माण कार्य संचालन (पी.१) | ५००० | जना | २०००० | १००० | २००० | २००० | | |
| होटल व्यवस्थापन, कुक/वेटर, टुरिस्ट गाइड तालिम (छैठौं) | सहभागी छनौट, सेवा प्रदायक छनौट तालिम संचालन (पी.१) | १०० | जना | १००० | २० | २० | २० | २० | २० |

### २.९.२ सेवा क्षेत्र

नगरपालिकाले पहिचान भएका व्यवसायका लागि युवा (महिला/पुरुस) को छनौट र तालिमको व्यवस्या र व्यवसाय संचालन गर्न वित्तीय संघसस्थाहरुसंग समन्वय गरि व्यवसाय संचालनका लागि वातावरण र प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

| कृयाकलापहरु | वर्तमान अवस्था | सवल पक्ष | अवसर |
|---|---|---|---|
| मोवाइल मर्मत | तालिम प्राप्त मान्छे छैन, सेवा दिनेको खाँचो छ | • सडक क्षेत्रमा बजार विकास हुदै गैरहेको<br>• स्थानीय स्तरमा माग वडी भएको<br>• युवा वर्गलाई परिचालन गर्न सकिने<br>• सामानिक संजालमा युवापुस्ताको बढ्दो चाहाना | • स्तानिय स्तरमा युवालाई रोजगारीको अवसर प्रदान |
| कम्प्युटर मर्मत | तालिम प्राप्त मान्छे छैन, सेवा दिनेको खाँचो छ | • स्थानीय स्तरमा माग वडी भएको<br>• युवा वर्गलाई परिचालन गर्न सकिने<br>• कम्प्युटरको प्रयोगमा बृद्धि हुनु | • स्तानिय स्तरमा युवालाई रोजगारीको अवसर प्रदान |
| रेडियो/टिभी/घडी मर्मत | तालिम प्राप्त मान्छे छैन, सेवा दिनेको खाँचो छ | • सडक क्षेत्रमा बजार विकास हुदै गैरहेको | • स्तानिय स्तरमा युवालाई रोजगारीको अवसर प्रदान |

CamScanner

| | | | |
|---|---|---|---|
| ब्युटिपार्लर/शैलुन | तालिम प्राप्त मान्छे छैन, सेवा दिनेको खाँचो छ | • वित्तीय सस्थाहरुबाट लगानी हुनसक्ने<br>• महिला युवायुवतीहरुमा आधुनिक रहनसहनमा बृद्धि | • स्तानिय स्तरमा युवालाई स्वरोजगारको अवसर प्रदान |
| सिकर्मी तथा डकर्मी तालिम | तालिम प्राप्त मान्छे छैन सेवा दिनेको खाँचो छ | • बजार क्षेत्रमा नया घर तथा सरकारी भवन निर्माणको माग बढ्दै जानु<br>• वर्तमान सिकर्मी तथा डकर्मीले माग पुरा गर्न नसकेको अवस्था | • स्थानिय स्तरमा नै स्वरोजगारको अवसर प्राप्त हुनु |
| स्टोन कटिङ | तालिम प्राप्त मान्छे छैन सेवा दिनेको खाँचो छ | • बजारमा माग बढ्दै जानु<br>• आधुनिक चालचलनमा बृद्धि | • स्थानिय स्तरमा नै स्वरोजगारको अवसर प्राप्त हुनु |
| मोटर साइकल तथा मोटर र गाडी मर्मत | तालिम प्राप्त मान्छे छैन सेवा दिनेको खाँचो छ | • यातायातको सुबिधा बढ्दै गएकोले बजारको मागमा बृद्धि | • स्थानिय स्तरमा नै स्वरोजगारको अवसर प्राप्त हुनु |
| जुत्ता सिलाइ तथा मर्मत | तालिम प्राप्त मान्छे छैन सेवा दिनेको खाँचो छ | • बजारमा माग बढ्दै जानु<br>• व्यक्तिहरु आधुनिकता तिर जानु | • स्थानिय स्तरमा नै स्वरोजगारको अवसर प्राप्त हुनु |
| होजीयारी/सीरक/डसना उद्योग | तालिम प्राप्त मान्छे छैन सेवा दिनेको खाँचो छ | • चिसो ठाउँ भएकोले स्विटर तथा उलनबाट निर्मित कपडाको बजारमा माग बढ्दै जानु<br>• पुराना कपडाको उपयोग हुने | • स्थानिय स्तरमा नै स्वरोजगारको अवसर प्राप्त हुनु<br>• न्यानो कपडाको स्थानीय स्तरबाट आपुर्तिहुने |
| कपडा सिलाई (टेलरिंग) र सिलाई मेसिन वितरण | तालिम प्राप्त मान्छे छैन सेवा दिनेको खाँचो छ | • बजारमा माग बढ्दै जानु<br>• किशोरी तथा महिलाहरु व्यबसाय संचालनमा उत्सुक देखिनु | • स्थानिय स्तरमा नै स्वरोजगारको अवसर प्राप्त हुनु<br>• महिलाहरुको आर्थिक कार्यमा पहुँच बृद्धि हुनु |
| हाउस वैरिंग र प्लम्बिंग तालिम | तालिम प्राप्त मान्छे छैन सेवा दिनेको खाँचो छ | • बजारमा माग बढ्दै जानु | • स्थानिय स्तरमा नै स्वरोजगारको अवसर प्राप्त हुनु |

CamScanner

### २.९.२.५ सेवा क्षेत्रगतक्रियाकलापहरु तथा अनुमानित लागत

तल तालिकामा दिईएको क्रियाकलापहरु व्यवसायीकारण र स्थानीय समुदायको आवस्यकतालाइ ध्यानमा राखि प्राथमिकता तोकिएको छ । प्राथमिकताको निर्धारण क्रममाक्रियाकलापलाई पहिलो, दोश्रो, तेश्रो ..... उल्लेख गरिए छ भने ती क्रियाकलाप कार्यन्वयन गर्दा आवश्यक पर्ने सामग्रीहरुलाई पी.१ ले पहिलो, पी २ ले दोस्रो र पी. ३ ले तेस्रो .... क्रमश प्राथमिकता क्रम जनाउछ ।

| क्रियाकलाप | आवस्यक सामग्री र कार्यहरुको प्राथामिकरण | लक्ष्य | | अनुमानित लागत रु हजारमा | वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सख्या | ईकाई | | १ | २ | ३ | ४ | ५ |
| कपडा सिलाई (टेलरिंग) र सिलाई मेसिन वितरण (पहिलो) | उद्यमीको छनौट, सेवा प्रदायक छनौट र तालिम, मेसिन वितरण र व्यवसाय (पी.१) | १७५ | जना | १०००० | ४० | ४० | ४० | ३० | २५ |
| होजीयारी, सिरक, डसना, तालिम (दोश्रो) | उद्यमीको छनौट , तालिम, मेसिन वितरण र व्यवसाय संचालन (पी.१) | २० | जना | १५०० | ४ | ४ | ४ | ४ | ४ |
| सिकर्मी तथा डकर्मी तालिम (तेश्रो) | उद्यमीको छनौट र तालिमतालिम र उद्यम संचालन (पी.१) | ४८ | जना | १२०० | १६ | १६ | १६ | | |
| मोवाइल र कम्प्युटर मर्मत तालिम (चौथो) | उद्यमीको छनौट र तालिम र व्यवसाय संचलान (पी.१) | १८ | जना | ९०० | ६ | ६ | ६ | | |
| हाउस वैरिंग र प्लाम्विंग तालिम ( पाचौ) | उद्यमीको छनौट र तालिम तालिम र उद्यम संचालन (पी.१) | ५० | जना | १५०० | १० | १० | १० | १० | १० |
| ब्यूटिपार्लर र सैलून तालिम (छैठौ) | उद्यमीको छनौट र तालिमतालिम र उद्यम संचालन (पी.१) | १८ | जना | ५०० | ६ | ६ | ६ | | |
| रेडियो/टिभी/घडी मर्मत (सातौ) | उद्यमीको छनौट र तालिम र उद्यम संचालन (पी.१) | ९ | जना | ६०० | ३ | २ | २ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मोटर साइकल तथा मोटर र गाडी मर्मत ( आठौं) | उद्यमीको छनौट र तालिमतालिम र उद्यम संचालन (पी.१) | २७ | जना | १००० | ९ | ९ | ९ | | |

नगर प्रमुख

बडीमालिका नगरपालिका बाजुरा